# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)
# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


## प्रेश विज्ञप्ति

**नगद लाभांस तथा फिर्ता भुक्तानी सम्बन्धमा सम्पूर्ण सेयर रजिष्ट्रार, निष्काशन तथा विक्री प्रबन्धकहरु र सूचिकृत कम्पनीहरुलाई बोर्डको निर्देशन वारे ।**

धितोपत्र बजारको आधुनिकीकरण गर्ने क्रममा मिति २०७२ माघदेखि दोस्रो बजारमा पूर्णरुपमा स्वचालित धितोपत्र कारोवार शुरु भई सूचीकृत कम्पनीहरुले प्रदान गर्ने हकप्रद तथा वोनस सेयर अभौतिक रुपमा लगानीकर्ताको डिम्याट खातामा समेत प्रदान गर्ने व्यवस्था गरिसकिएको साथै मिति २०७२।११।६ मा सूचिकृत कम्पनीहरुले आफ्ना सेयरधनीहरुलाई प्रदान गर्ने नगद लाभांश सेयरधनीको खातामा जम्मा हुने व्यवस्था तथा मिति २०७२।११।२० मा सार्वजनिक निष्काशनको क्रममा धितोपत्र बाँडफाट पश्चात लगानीकर्ताले माग गरे बमोजिम शेयर प्राप्त गर्न नसकेको खण्डमा त्यस्तो रकम फिर्ता गर्दा लगानीकर्ताले दरखास्त फाराममा उल्लेख गरेको खातामा जम्मा हुने व्यवस्था गर्नको लागि सेयर रजिष्ट्रार, निष्काशन तथा विक्री प्रबन्धकहरु र सूचिकृत कम्पनीहरुलाई निर्देशन जारी गरिएकोमा यस बोर्डको अनुरोधमा नेपाल राष्ट्र बैंकको मिति २०७३।४।३२ को पत्र संख्या बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०७३/७४ बाट सो सम्बन्धमा सम्पूर्ण इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना सेयरधनीहरुलाई प्रदान गर्ने नगद लाभांश सेयरधनीको खातामा जम्मा हुने व्यवस्था मिलाउनुपर्ने साथै सार्वजनिक निष्काशन (IPO/FPO) को क्रममा धितोपत्र बाँडफाट पश्चात लगानीकर्ताले माग गरे बमोजिम शेयर प्राप्त गर्न नसकेको खण्डमा त्यस्तो रकम फिर्ता गर्दा निजले दरखास्त फाराममा उल्लेख गरेको खातामा जम्मा हुने व्यवस्था मिलाउनुपर्ने निर्देशन जारी गरिसकेको छ ।

उपर्युक्तानुसारको पृष्ठभूमिमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा बैंक तथा वित्तीय संस्था सहित सम्पूर्ण सूचिकृत कम्पनीहरुले आफ्ना सेयरधनीहरुलाई प्रदान गर्ने नगद लाभांश तथा सार्वजनिक निष्काशन (IPO/FPO) को क्रममा धितोपत्र बाँडफाट पश्चात लगानीकर्ताले माग गरे बमोजिम शेयर प्राप्त गर्न नसकेको खण्डमा त्यस्तो रकम फिर्ता गर्दा समेत लगानीकर्ताले दरखास्त फाराममा उल्लेख गरेको नेपाल क्लियरिङ्ग हाउसको सदस्य भएको बैंक तथा वित्तीय संस्थामा रहेको लगानीकर्ताको आफ्नो खातामा नै जम्मा हुने व्यवस्था गर्न/गराउनका लागि सम्पूर्ण अनुमति पत्र प्राप्त सेयर रजिष्ट्रार, निष्काशन तथा विक्री प्रबन्धकहरु र सम्पूर्ण सूचिकृत कम्पनीहरुलाई निर्देशन दिइएको छ ।

बोर्डबाट गरिएको यस व्यवस्थाले देशको विभिन्न क्षेत्रबाट बैंक तथा वित्तीय संस्था सहित सम्पूर्ण सूचिकृत कम्पनीहरुमा लगानी गर्ने लगानीकर्ताहरुलाई नगद लाभांस लिन काठमाडौं नै आउनुपर्ने व्यवस्थाको अन्त भई सहजै नगद लाभांस पाउने व्यवस्था हुने र सार्वजनिक निष्काशन (IPO/FPO) को क्रममा धितोपत्र बाँडफाट पश्चात लगानीकर्ताले माग गरे बमोजिम शेयर प्राप्त गर्न नसकेको खण्डमा त्यस्तो रकम लगानीकर्ताले दरखास्त फाराममा उल्लेख गरेको खातामा सिधै जम्मा हुने भएकोले लगानीकर्ताको समय बचत तथा अनावश्यक झन्झटबाट मुक्त हुने भएकोले धितोपत्र वजार प्रति लगानीकर्ताको थप विश्वास वढ्न गई समग्र पुँजी वजारको समयानुकुल बिकास तथा सुगमता समेत आउने बोर्डको विश्वास रहेको छ ।

मिति : २०७३।०५।०७

(निरज गिरी)
प्रवक्ता

Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal